नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
# केन्द्रीय आयोजना कार्यान्वयन इकाई
## भूकम्पीय आवास पुनर्निर्माण आयोजना
UN जबागल, ललितपुर
☎ ०१-५२६००८२
Web site: www.mofald-clpiu.gov.np

प.सं.: २०७३/०७४
च.नं.: ६५८

मिति: २०७४/०२/३०

श्री जिल्ला समन्वय समितिको कार्यालय
(संखुवासभा, धनकुटा, भोजपुर, सोलुखुम्बु, खोटाङ्ग, चितवन, कास्की, तनहुँ, बाग्लुङ्ग, पर्वत, म्याग्दी, नवलपरासी, अर्घाखाँची, पाल्पा, स्याङ्जा, गुल्मी र लमजुङ्ग)

**बिषय: राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, कार्यकारी समितिको २० औं बैठकका निर्णयहरु पठाईएको सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा निजी आवास अनुदान सम्बन्धीका विभिन्न अस्पष्टता/गुनासो एवम् लाभग्राहीसँग सम्बन्धित सामान्य त्रुटिहरुका सम्बन्धमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, कार्यकारी समितिको बीसौं बैठकका निर्णयहरु यसै पत्रसाथ संलग्न गरी आवश्यक कार्यान्वयनका लागि पठाईएको व्यहोरा अनुरोध छ ।

०७४/२/३०

(नारायण प्रसाद श्रेष्ठ)
आयोजना उप-निर्देशक

## कार्यकारी समिति (२०७३।०३।१७) को बिसौं बैठकका निर्णयहरु

१) कार्यकारी समितिको सत्रौं बैठकले भूकम्पबाट प्रभावित संरचनाहरुको पुनर्निर्माण तथा पुनर्स्थापना सम्बन्धी तालिम संचालन तथा व्यवस्थापन निर्देशिका, २०७३ को मस्यौदा अध्ययन गरी परिमार्जन सहित पेश गर्न कार्यकारी समिति सदस्य डा. विष्णु बहादुर भण्डारीको संयोजकत्वमा समिति गठन गरिएकोमा उक्त समितिले छलफल गरी तयार गरेको तालिम सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७३ लाई परिमार्जन सहित स्वीकृत गर्ने निर्णय गरियो ।

२) भूकम्पबाट क्षति भएका निजी आवास पुनर्निर्माणका लागि लाभग्राहीहरुलाई अनुदान वितरण गर्दा लाभग्राहीको देहायअनुसारको विवरण फरक परेमा देहायअनुसार गर्ने निर्णय गरियो ।

क) लाभग्राही स्वयं उपस्थित नभई आफ्नो प्रतिनिधि (Nominee) लाई मन्जुरीनामा दिई अनुदान सम्झौता भएको भए सोको विवरण खोली सम्बन्धित गा.वि.स. वा न.पा.ले जिल्ला विकास समितिमा पठाउने ।

ख) जिल्ला विकास समितिले त्यस्ता व्यक्तिहरुका नाममा खाता खोलिदिन सम्बन्धित बैंकलाई पत्राचार गर्ने र बैंकले पनि सोही बमोजिम खाता खोली अनुदान भुक्तानी हुने आधार तयार गर्ने ।

ग) जिल्ला विकास समितिले अनुदान भुक्तानीका लागि कोष तथा लेखा नियन्त्रक कार्यालयमा भुक्तानी आदेशसाथ अनुदान सम्झौता गरेका लाभग्राहीहरुको विवरणमा मूल लाभग्राहीको नाम समावेश गरी कैफियतमा अनुदान सम्झौता गर्ने प्रतिनिधिको नाम उल्लेख गरी प्रतिनिधिको नाममा रहेको बैंक खातामा रकम जम्मा हुने गरी लेखी पठाउने ।

घ) कोष तथा लेखा नियन्त्रक कार्यालयले विवरण भिडान गर्दा मूल लाभग्राहीको विवरण भिडान भएमा बुदाँ नं. (ग) बमोजिमको प्रतिनिधिको खातामा रकम जम्मा हुने गरी सम्बन्धित बैंकको नाममा चेक जारी गरिदिने । साथै, भुक्तानी पाउने लाभग्राहीको अभिलेखमा मूल लाभग्राहीको नाम नै उल्लेख गर्ने ।

ङ) अनुदान सम्झौता पत्रमा उल्लेखित लाभग्राहीको नाम नामेसी, तीनपुस्ते र Unique ID लाई संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय केन्द्रिय आयोजना कार्यान्वयन ईकाइले जिल्लामा उपलब्ध गराएको लाभग्राहीको नाम नामेसी, तीनपुस्ते र Unique ID सँग भिडान गर्दा सामान्य त्रुटी (जस्तै, लाभग्राहीको शुरुको नाम वा बीचको नाम वा थर, वा ठेगाना, वा नागरिकता नम्बर वा नागरिकता जारी भएको जिल्ला वा जारी मिति वा जन्म मिति वा बाबु वा बाजेको नाम,थर वा ससुरा वा पतिको नाम, थर आदिमा सामान्य त्रुटी) देखिई अन्य विवरण भिडान भएमा अनुदान सम्झौता पत्रमा उल्लेखित विवरणलाई आधिकारिक विवरण मान्ने ।

च) जिल्ला विकास समितिले त्यस्ता लाभग्राहीहरुको विवरण तयार गरी त्रुटी सच्याउन सिफारिश सहित संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको केन्द्रीय आयोजना कार्यान्वयन ईकाई र राष्ट्रिय पुनर्निर्माण प्राधिकरणमा लेखी पठाउने ।

छ) यसरी प्राप्त विवरणका आधारमा प्राधिकरणले LMBIS मा समेत विवरण सच्याई एकल खाता कोष प्रणालीमा समेत सो विवरण अद्यावधिक गर्न अर्थ मन्त्रालयलाई लेखी पठाउने । साथै सम्बन्धित बैंकको केन्द्रीय कार्यालयलाई सोही विवरण बमोजिम खाता खोलिदिन लेखी पठाउने ।

ज) बुंदा नं. (ङ) बाहेकको अवस्था परी नाम नामेशी नभिडेमा सम्बन्धित गाविस वा नपाबाट सर्जमिन मुचुल्का गराइ जिल्लास्तरीय गुनासो सुनुवाई समितिबाट ठहर भए बमोजिम त्रुटि सच्याउन (बुंदा नं.(च) बमोजिम) लेखि पठाउने र प्राधिकरणले बुंदा नं.(छ) मा उल्लेखित कारवाही गर्ने ।

३) भूकम्पबाट क्षतिग्रस्त भएका निजी आवास पुनर्निर्माण अनुदान वितरण सम्बन्धी कार्यविधि, २०७२ को ५(२) अनुसार अन्य स्वदेशी वा विदेशी संघ संस्थाको सहयोगमा आवास भवन निर्माणका लागि अनुदान वा निजी आवास भवन नै प्राप्त गरेको लाभग्राही तथा भूकम्प पिडितलाई यस कार्यविधि बमोजिमको दुई लाख रुपैया अनुदान, सहुलियत कर्जा एंव भुकम्प पिडित बिशेष आवास कर्जा उपलब्ध गराउने छैन भन्ने व्यवस्था भएकोमा भूकम्पबाट क्षतिग्रस्त भएका निजी आवास पुनर्निर्माण अनुदान वितरण सम्बन्धी कार्यविधि, २०७२ को दफा १७ बमोजिम संशोधन गरी निम्न अनुसार गर्ने निर्णय गरियो ।

| क्र.स | हालको व्यवस्था | | संशोधित व्यवस्था | | संशोधन गर्नुपरेको कारण |
|---|---|---|---|---|---|
| | दफा | व्यवस्था | दफा | व्यवस्था | |
| १. | ५(२) | अन्य स्वदेशी वा विदेशी संघ संस्थाको सहयोगमा आवास भवन निर्माणका लागि अनुदान वा निजी आवास भवन नै प्राप्त गरेको लाभग्राही तथा भूकम्प पिडितलाई यस कार्यविधि बमोजिमको दुई लाख रुपैया अनुदान, सहुलियत कर्जा एंव भूकम्प पिडित विशेष आवास कर्जा उपलब्ध गराउने छैन । | ५(२) | अन्य स्वदेशी वा विदेशी संघ संस्थाको सहयोगमा निजी आवास भवन नै प्राप्त गरेको लाभग्राही तथा भूकम्प पिडितलाई यस कार्यविधि बमोजिमको दुई लाख रुपैया अनुदान, सहुलियत कर्जा एंव भूकम्प पिडित विशेष आवास कर्जा उपलब्ध गराउने छैन । | उक्त दफाको व्यवस्थाले अन्य स्वदेशी वा विदेशी संघ संस्थाको सहयोगमा आवास भवन निर्माणका लागि अनुदान प्राप्त गर्ने लाभग्राहीलाई बैंकबाट लिने सहुलियत ऋण लिनलाई समेत बन्देज लगाएको हुँदा उक्त व्यवस्था संशोधन गर्न आवश्यक भएको । |

सचिव